का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ कात्तिक २०७९,
शुक्रबार
11 November 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २६५ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

### ओली–माधव सम्बन्ध

# पहिले सहयात्री, अहिले प्रतिस्पर्धी

कुनै बेला एमाले बनाउन सहयात्री बनेका नेताद्वय अहिले फरक पार्टीमा बसेर चर्को आलोचना गरिरहेका छन् । चुनावी प्रचारका लागि गाउँगाउँ पुगेका उनीहरु दुई जनाको चर्को आलोचना नगरी मञ्चबाट उठ्दैनन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक

आगामी मंसिर ४ मा हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन नजिँकदै गर्दा नेकपा एमालेका अध्यक्ष केपी ओली र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालको एजेण्डा नै बनेको छ- एकअर्काको तुच्छ आलोचना । कुनै बेला एमाले बनाउने सहयात्री बनेका नेताद्वय अहिले फरक पार्टीमा बसेर चर्को आलोचना गरिरहेका छन् । चुनावी एजेण्डा लिएर गाउँगाउँ पुगेका उनीहरु दुई जनाको चर्को आलोचना नगरी मञ्चबाट उठ्दैनन् ।

बिहीवार पार्टी कार्यालयमा पार्टी प्रवेश कार्यक्रम गराउँदै अध्यक्ष नेपालले भने आफूले ओलीलाई टक्कर दिएर सत्ताबाट हटाएको बताएका छन् । 'केपी ओलीलाई लागेको थियो कसैले टक्कर नै दिन सक्दैन भनेर । मैले नै टक्कर दिएर उनको सरकार ढालें ।

– बाँकी पृष्ठ २ मा



> एमाले देश बनाउने पार्टी हो । माधव नेपाल जस्तो देशविदेशी प्रतिक्रियावादीको सेवामा कम्युनिष्ट आन्दोलन समाप्त पारेर हिँडने होइन ।
>
> **■ केपी ओली**
> अध्यक्ष, एमाले

> अहिले आएर ओलीले दक्षिणपन्थीहरु, राजा आउ देश बचाउ र देश विखण्डन गर्ने शक्तिसँग साँठगाँठ गरेका छन् ।
>
> **■ माधव नेपाल**
> अध्यक्ष
> एकीकृत समाजवादी

## 'नो नट अगेन'को पक्षमा अन्तरिम आदेश



> नो नट अगेन भन्न पाउनुहुन्छ, तर सभ्य भाषामा भन्नुपर्छ । मित्रवत भाषामा भन्नुपर्छ । समाजले पचाउने भाषामा भन्नुपर्छ ।
>
> **दिनेश थपलिया**
> प्रमुख निर्वाचन आयुक्त

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक

सर्वोच्च अदालतले 'नो नट अगेन' अभियानको पक्षमा अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश सपना प्रधान मल्ल र सुष्मालता माथेमाको संयुक्त इजलासले यसअघिको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिँदै 'नो नट अगेन' अभियानलाई कारबाही अघि बढाउने भनि निर्वाचन आयोगले गरेको निर्णयलाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

उम्मेदवारहरु विरुद्ध लाञ्छनायुक्त अभिव्यक्ति दिएको भन्दै आयोगले त्यससम्बन्धी फेसबुक पेज र ग्रुप बन्द गर्न निर्देशन दिएको थियो । त्यस विरुद्ध अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता

– बाँकी पृष्ठ २ मा

### कानून व्यवसायी र अख्तियार

## चर्कियो द्वन्द्व



> न्यायपालिकाप्रतिको जनआस्था नै घट्ने गरी अख्तियारले पत्रकार सम्मेलन गरेर अदालतमाथि आरोप लगाउनुहुँदैन । संवैधानिक निकाय यसरी हलुका रुपमा प्रस्तुत हुन मिल्दैन ।
>
> **पूर्णमान शाक्य**
> अध्यक्ष, सर्वोच्च अदालत बार एशोसिएसन



> स्वतन्त्र न्यायापालिकाको अवधारणाप्रति सदाझैं अविचलित रहने हुँदा आयोगबाट ७/२२ मा जारी प्रेस विज्ञप्तिलाई सोही रुपमा बुझिदिन सम्बन्धित सबैमा आयोग हार्दिक अनुरोध गर्दछ ।
>
> **श्यामप्रसाद भण्डारी**
> प्रवक्ता, अख्तियार

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक

विशेष अदालतबाट भएका फैसलाका सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको टिप्पणीबारे सर्वोच्च अदालतका न्यायाधीश र कानून व्यवसायीहरुले आपत्ति जनाएका छन् । सर्वोच्चका न्यायाधीशहरुले पूर्ण बैठकमै छलफल भएको छ भने नेपाल बार एशोसिएसनले सार्वजनिक रुपमै विरोध जनाएको छ ।

उता, न्यायिक स्वतन्त्रताप्रति प्रतिवद्ध रहेको भनी अख्तियारले सार्वजनिक रुपमै स्पष्टीकरण दिएर घुमाउरो ढंगले माहोल थप तताएको छ ।

अख्तियारले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गरी विशेष अदालतबाट केही भ्रष्टाचार मुद्दामा भएका फैसला र त्यसक्रममा व्यक्त भएका रायमा असन्तुष्टि मात्र जनाएन, न्यायिक सिद्धान्त, नजीर विपरीत हुने गरी फैसला गरेको टिप्पणीसमेत गरेको थियो ।

सर्वोच्च अदालत स्रोतका अनुसार बुधबार पूर्ण बैठकमा न्यायाधीशहरुले अख्तियारको टिप्पणीबारे छलफल गरेका थिए । त्यसक्रममा सबैजसो न्यायाधीशले अख्तियारले संवैधानिक सीमा नाघ्न खोजेको निष्कर्ष निकालेको बतायो ।

विशेष अदालतप्रति लक्षित जस्तो देखिएपनि अख्तियारको वक्तव्यले समग्र न्यायपालिकाविरुद्ध सन्देश गएको न्यायाधीशहरुको निष्कर्ष छ । अख्तियारको कदम स्वतन्त्र न्यायपालिकाको मर्यादामा समेत आँच पुऱ्याउने खालको हुनसक्ने भनी उनीहरुले बताएका छन् ।

कानून व्यवसायीहरुको छाता संगठन नेपाल बार एशोसिएसनले भने औपचारिक रुपमै अख्तियारको टिप्पणीमाथि आपत्ति जनाएको छ । बार एसोसिएसनसहित सर्वोच्च बार, विशेष अदालत बार र उच्च अदालत पाटन बारका प्रतिनिधिहरुले बिहीबार पत्रकार सम्मेलन गरी अख्तियारको रवैयाले स्वतन्त्र न्यायपालिकाको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## साउदी आईडी नवीकरणका लागि सचेत रहन व्यवसायीहरुलाई आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ कात्तिक

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपालस्थित साउदी अरेबियाको परिचयपत्र (साउदी आईडी) नवीकरणका लागि सचेत रहन वैदेशिक रोजगार व्यवसायीहरुलाई आग्रह गरेको छ । संघसहित वैदेशिक रोजगार व्यवसायीहरुको लामो समयदेखिको माग र दबाबपछि साउदी दूतावासले वैदेशिक रोजगारीका लागि साउदी अरब जाने कामदारको भिसा लगाउनका लागि यसअघि जारी गरिएको दूतावासको परिचयपत्र (साउदी आईडी) लाई अपग्रेड गरी नवीकरण गर्न शुरु गरेको छ ।

संघका सहसंयोजक प्रेमबहादुर कटुवालले साउदी आईडी नवीकरणका लागि वैदेशिक रोजगार विभाग, कन्सुलर सेवा विभाग तथा नेपालस्थित साउदी अरेबियाको दूतावासले सक्रियताका साथ सराहनीय भूमिका खेलेको भन्दै व्यवसायीले तोकिएका कागजातसहित आफैं संघको कार्यालयमा उपस्थित भई नवीकरणका लागि निवेदन दिन आग्रह गरे । सहसंयोजक कटुवालले भने, 'संघ र व्यवसायीले लामो समयदेखि गरेको मागअनुसार नै साउदी दूतावासले परिचयपत्र नवीकरण गर्न शुरु गरेको अवस्थामा व्यवसायीहरूले पनि सक्रियता देखाएर लाभ लिनुपर्छ, केही व्यवसायी आम निर्वाचनको कारणले जिल्ला जिल्लामा पुग्नु भएको छ, तर आफ्नो परिचयपत्र नवीकरण गर्न नछुटोस् भनेर उहाँहरू सचेत हुन जरुरी छ ।'

हाल वैदेशिक रोजगार विभागमा ८ सय ८० वैदेशिक रोजगार व्यवसायी दर्ता रहेकोमा ६ सय २५ व्यवसायीले मात्र साउदी दूतावासको आईडी लिएका छन् ।साउदी आईडी अपग्रेड गरी नवीकरण गर्न १ नम्बरदेखि १२५ नम्बरसम्मका व्यवसायीहरुले सम्पर्क गरिसकेकोले बाँकी व्यवसायीले सकेसम्म छिटो सम्पर्क गर्नुपर्ने संघले बताएको छ ।

साउदी आईडी नवीकरण गर्न म्यानपावर कम्पनीको लेटरहेडमा तोकिएको ढाँचामा निवेदन, गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र, इजाजतपत्र तथा प्यान कार्ड, कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको रंगीन फोटोकपीसहित सञ्चालक आफैं उपस्थित भई कम्पनीको छाप लगाएर पेश गर्नुपर्ने छ । ती कागजात वैदेशिक रोजगार विभाग र कन्सुलर कार्यालयले प्रमाणित गरेपछि मात्र साउदी दूतावासले स्वीकार गर्ने गरेको छ ।

## सबैतिर पुग्यो मतपत्र

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक

मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका लागि मतपत्र ढुवानी सकिएको छ । निर्वाचन आयोगका अनुसार निर्वाचन क्षेत्रमा मतपत्र पुऱ्याइएको छ ।

बुधवार राजधानीका विभिन्न निर्वाचन क्षेत्रमा मतपत्र पुऱ्याएसँगै देशभरका प्रतिनिधिसभातर्फ १६५ तथा प्रदेशसभातर्फ ३३० वटै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी गर्ने कार्य सकिएको हो ।

आयोगले तय गरेको कार्यतालिका भन्दा अगावै मतपत्र छपाइ तथा ढुवानी सम्पन्न भएको आयोगले जनाएको छ ।

**अस्थायी मतदान केन्द्र तोकियो**

प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने अस्थायी मतदाताहरूका लागि अस्थायी मतदान केन्द्र तोकिएको छ ।

आयोगका अनुसार समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने मतदान प्रक्रियाका लागि अन्तिम अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका तर मतदान केन्द्रमा नखटिने कर्मचारी र सुरक्षाकर्मी, वृद्धाश्रममा रहेका व्यक्ति, निर्वाचन कसुरमा सजायँ पाएका बाहेकका कारागारमा रहेका कैदी र बन्दी लगायतका व्यक्तिहरूले प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्न पाउनेछन् ।

यही प्रयोजनाका लागि आयोगले ७७ जिल्लाका लागि १४१ वटा अस्थायी मतदान केन्द्र स्वीकृत गरेको छ । २०७२ सालमा जारी भएको नेपालको संविधानपछि अस्थायी मतदाताले मतदान गर्ने व्यवस्था पहिलो पटक कार्यान्वयनमा आएको हो ।

मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीहरूलाई खटिएकै केन्द्रबाट मतदान गर्ने गरी आयोगले व्यवस्था मिलाएको छ । अस्थायी मतदाता हुनको लागि अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्ने कानूनी व्यवस्था भएकोले आयोगले सोही बमोजिमको व्यवस्था मिलाई मतदानको सुनिश्चितता गरेको छ । निर्वाचन आयोगले मतदान केन्द्रलाई समावेशी तथा अपाङ्गमैत्री

– बाँकी पृष्ठ २ मा


## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: SAN MIGUEL YAMAMURA WOVEN PRODUCTS SDN.BHD. शहर: Malaysia, MELAKA
पूर्व स्वीकृत मिति: २०७९/०७/२४ चलानी नं.: ६०१९०९६७ LT. No.: 275227

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २ गते (18 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com | Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com



वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
## तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२५ कात्तिक २०७९, शुक्रबार
11 November 2022, Friday

# भ्रष्टाचारको आरोपमा मुद्दा दायर




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारमा कार्यरत कार्यालय सहयोगी (पाँचौं तह) होमनाथ खतिवडाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । मोही लगत कट्टा गर्नका लागि सेवाग्राहीसँग घुस लिँदै गर्दाको अवस्थामा खतिवडा पक्राउ परेका अख्तियारले जनाएको छ ।

घुसवापतको रकम रु पाँच हजार मात्रै भए पनि खानतलासी गर्दा उनको साथबाट रु तीन लाख १८ हजार छ सय बरामद भएको थियो । पक्राउका क्रममा बरामद भएको रकममध्ये रु दुई लाख ६१ हजार स्रोत नखुलेको पाइएपछि सोही बमोजिमको बिगो दाबी गर्दै बिहीबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

उनका अनुसार आयोगले माछापोखरी ठेक्का, शैक्षिक सामग्री हस्तान्तरण, मोटरसाइकल खरिदलगायतका विषयमा अनियमितता गरेको अभियोगमा रुपन्देही ओमसतिया गाँउपालिकाका तत्कालीन अध्यक्षसहित सात जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगले गाउँपालिकाका तत्कालीन अध्यक्ष हिरा केवट, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजु नेपाल, तत्कालीन लेखापाल रविलाल पाण्डेय, कृषि शाखा प्रमुख सुवोधराज भट्टराई, व्यावसायिक माछा ब्लक सञ्चालक समितिका तत्कालीन अध्यक्षा उमेश केवट, सचिव नरेन्द्रप्रसाद चौधरी र सहानी सःमिल सञ्चालक दुर्गावती केवटविरुद्ध रु २० लाख ७५ हजार बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

# ‘प्रशासनमा कर्मचारी टिकाउनै मुस्किल छ’

**भजनी/मस–** गृह मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले प्रशासन क्षेत्रमा कर्मचारी टिकाउन मुस्किल हुने गरेको बताएका छन् । इलाका प्रशासन कार्यालयको नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गर्दै उनले कामको चापका कारण प्रशासन क्षेत्रमा कर्मचारी टिकाउन मुस्किल हुने गरेको बताए ।

‘राज्यबाट नागरिकका लागि थप हुने सेवा सुविधा गृह मन्त्रालयमार्फत थप हुँदै गएका छन् । जनशक्ति थप हुने कुरामा समस्या हुँदै आएको छ’, उनले भने, ‘भएको जनशक्ति पनि कामको चाप बढी हुने भएकाले प्रशासनमा बस्न मान्दैनन् ।’ उनले कर्मचारीलाई प्रशासन क्षेत्रमा टिकाउनका लागि थप सेवा सुविधाको व्यवस्थापन गर्न आवश्यक देखिएको उल्लेख गर्दै त्यसमा मन्त्रालयले समन्वय गरिरहेको बताए ।



सेवाग्राहीका दृष्टिकोणले इलाका प्रशासन कार्यालय टीकापुरमा जनशक्ति थप गर्ने कुरामा आफ्नो ध्यानाकर्षण भएको भन्दै उनले ११ कर्मचारीले कैलालीको कूल जनसंख्याको एक तिहाइ सेवाग्राहीलाई सेवा प्रवाह गर्नु चानचुने कुरा नभएको बताए । ‘समस्या देशैभरका प्रशासनमा छ । कामको चाप बढी, जनशक्ति कम हुँदा सेवा प्रवाह समस्या देखिनु स्वाभाविक हो । इलाका प्रशासन कार्यालय टीकापुरको कार्यालय व्यवस्थापनसँगै कर्मचारी व्यवस्थापनमा गृहको ध्यान जानेछ ।’

विसं २०७७ पुस २६ गते प्रशासन कार्यालयको भवन निर्माणका लागि नागार्जुन कन्स्ट्रक्सनसँग सम्झौता भएको थियो । विसं २०७९ पुस २५ गते सम्पन्न गर्नुपर्ने भवनको काम निर्माण कम्पनीले समयभन्दा अगाडि विसं २०७९ असोज ७ गते नै सम्पन्न गरिसकेको थियो । रु तीन करोड २३ लाख ८८ हजार पाँच सय ३१ को लागतमा भवन निर्माणको लागि सम्झौता भएको थियो ।

इलाका प्रशासन कार्यालय टीकापुरमा कैलालीका पाँच स्थानीय तहका सेवाग्राही सेवाका लागि आउने गरेका छन् । टीकापुर, भजनी, लम्कीचुहा नगरपालिका, जानकी र जोशीपुर गाउँपालिकाका करिब तीन लाख १५ हजार सेवाग्राहीले प्रशासन कार्यालयबाट सेवा लिने गरेको कार्यालयका प्रमुख पुष्कर खड्काले जानकारी दिए ।

‘दैनिक ७० देखि ८० नयाँ नागरिकता, ५० देखि ६० नागरिकताको प्रतिलिपि लिनका लागि मात्रै सेवाग्राही प्रशासनमा आउने गर्नुभएको छ’, कार्यालय प्रमुख खड्काले भने, ‘जनशक्ति निकै कम छ । भएको दरबन्दीअनुसार पनि कर्मचारी व्यवस्थापन हुन सकेको छैन ।

# दल तथा उम्मेदवारले अनलाइनमा विज्ञापन प्रकाशन–प्रसारण गर्न पाउने

**काठमाडौं/मस–** निर्वाचन आयोगले आगामी मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि राजनीतिक दल तथा उम्मेदवारले विज्ञापन प्रकाशन तथा प्रसारण गर्न पाउने छ बुँदे निर्णय गरेको छ । निर्वाचन आचारसंहिता, २०७९ को अधीनमा रही राजनीतिक दल तथा उम्मेदवारले सूचना तथा प्रसारण विभागमा दर्ता भई प्रेस काउन्सिल नेपालमा सूचीकृत भएका अनलाइन सञ्चारमाध्यमबाट प्रचार-प्रसार गर्न पाउने निर्णय गरेको आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले जानकारी दिए ।

निर्णयहरूमा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारसम्बन्धी बढीमा एक मिनेटसम्मको श्रव्यदृश्य सामग्री अनलाइन सञ्चारमाध्यमबाट प्रसारण गराउन सक्ने व्यवस्था रहेको छ ।

त्यस्तै राजनीतिक दलले निजी क्षेत्रको अनलाइन सञ्चारमाध्यमबाट रोडब्लक, कन्टेन ब्लक, होमपेज, ब्यानर, डिटेल पेज ब्यानर, बक्स विज्ञापन (समाचारको बीचमा)को माध्यमबाट निर्वाचन प्रचार-प्रसार गराउन सक्ने निर्णय गरेको छ । आचारसंहिताको खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट प्रकाशन वा प्रसारण गरिने निर्वाचन प्रचार-प्रसार सामग्रीमा सःशुल्क विज्ञापन भएको जनाउ दिनुपर्ने रहेको छ ।

आचारसंहिताको खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट गरिने निर्वाचन प्रचार-प्रसार सामग्रीमा कसैप्रति गालीगलौज, मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति समावेश हुन नहुने र त्यस्तो विषय समावेश भएमा निर्वाचन आचारसंहिता उल्लङ्घन भएको मानिने छ ।

त्यस्तै आचारसंहिताको खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा विदेशी अनलाइन सञ्चारमाध्यममा प्रकाशन वा प्रसारण गर्न नहुने व्यवस्था छ ।

राजनीतिक दल वा उम्मेदवारले अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा लागेको खर्चको विवरण प्रचलित कानूनबमोजिम पेश गर्नुपर्ने निर्वाचन खर्चको विवरणमा समावेश गरी पेश गर्नुपर्ने रहेको छ ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १५ मा राजनीतिक दल वा उम्मेदवारसमेतले पालना गर्नुपर्ने सञ्चारमाध्यमको प्रयोगसम्बन्धी आचरणअन्तर्गत राजनीतिक दल वा उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियो तथा पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्न सक्ने व्यवस्था छ ।

# जातीय विभेदको अन्त्य ज्ञान र सीपले हुन्छ : ओली

**झापा/मस–** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले जातीय विभेदको अन्त्य आरक्षणबाट नभई ज्ञान र सीपबाट मात्र हुने बताएका छन् ।

एमाले निकट नेपाल उत्पीडित जातीय मुक्ति समाजले दमकमा आयोजना गरेको प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा उनले आरक्षणले कुनै जाति समुदायको उत्थान गर्न नसक्ने बताए । उनले आरक्षणले ज्ञान, सीप र क्षमतालाई निष्क्रिय बनाउँदै समुदायका पनि एउटा निश्चित व्यक्तिले मात्र अवसर पाउने बताए ।

उनले भने, ‘आरक्षणले बौद्धिकता र ज्ञानमाथि अन्याय हुन्छ ।’ लामो समयदेखि उत्पीडनमा परेका जाति समुदायलाई केही समयका लागि मात्र आरक्षणको व्यवस्था गरिएकाले अब लामो समय जान नहुनेमा उनले जोड दिए ।

नेपालमा संविधान र कानूनमा विभेद हटेको वर्षौं भए पनि मानिसको चेतना र व्यवहारमा हट्न अझै बाँकी रहेको उनको




भनाइ छ । उनले देशमा भएको जातीय विभेदविरुद्ध सङ्गठितरूपमा एमालेले आवाज उठाउँदै आएकाले अब राज्यतहबाटै विभेद उन्मूलनको योजना अघि बढाइने बताए ।

उनले बिहीबार नै झापा क्षेत्र नं ४ सुरुङ्गा बजारमा आयोजित चुनावी सभामा मुलुकलाई राष्ट्रियता र लोकतन्त्रको निम्ति लड्न सक्ने शक्तिको खाँचो भएको बताए । मुलुकमा सुसाशन कायम गर्ने, विकासलाई अगाडि बढाउने र राष्ट्रियताका लागि लड्ने सक्ने शक्ति अबको आवश्यकता भएको उनले बताए ।

अध्यक्ष ओलीले यी सब गर्ने र राष्ट्रिय निर्माणको संकल्प बोकेको शक्ति मुलुकमा एमालेबाहेक अरु कुनै पनि हुन नसक्ने जिकिर गरे । उनले विगतको ४१ महिना आफू प्रधानमन्त्री हुँदा गरेका कामको फेहरिस्त हालै पार्टीले सार्वजनिक गरिएको घोषणापत्रमा समेत उल्लेख गरेको बताए ।

उनले भने,‘एमालेले गरेका सयवटा कामका बारेमा बसेकै ठाउँबाट भन्नसक्छु ।’

यस्तै बिहीबार नै झापाको शिवसताक्षी नगरपालिकाको शिवगञ्जमा आयोजित सभामा उनले सबैखाले विकासले मात्रै मुलुकको अवस्था बदलिने बताए । उनले पूर्वाधार विकाससँगै आर्थिक, कृषिसँगै अन्य क्षेत्रको उन्नति भएमात्रै मुलुक समुन्नत हुने बताए ।

अध्यक्ष ओलीले मुलुकलाई विकासशील राष्ट्रमा पुऱ्याउन अहिले कृषिको आधुनिकीकरण र प्रविधिको प्रयोग अनिवार्य रहेको बताए ।

उनले भने, ‘प्रविधि प्रयोग किसानलाई सिकाउँदै कृषिको आधुनिकीकरण गर्दै लैजानुपर्छ । कृषिलाई व्यावसायीकरण गरिए मुलुकको अर्थतन्त्र अघि बढ्छ ।’

उनले नदी नियन्त्रणसँगै कन्काई बहुउद्देश्यीय परियोजना सुरु गरिने बताए । उनले बिरिङ र कन्काई नदीको तटबन्धको काम अघि बढाउने उल्लेख गरे । देशका लागि सुदृढ राष्ट्रिय एकता आवश्यक रहेको बताउँदै उनले भने, ‘मुलुकको शान्ति र एकता अहिलेको आवश्यकता हो ।’

## ओली-माधव...

अहिले केपी ओली बर्बराएको हो कि उटपट्याङ कुरा गर्छन् । उनका कुराहरू भनेको आक्रोशले भरिएको छ,’ अध्यक्ष नेपालले भने । साथै उनले देशीविदेशी र प्रतिक्रियावादी शक्तिसँग मात्रै ओलीले साँठगाँठ गरेको भन्दै भनेका छन्, ‘अहिले आएर ओलीले दक्षिणपन्थीहरु, राजा आउ देश बचाउ र देश विखण्डन गर्ने शक्तिसँग साँठगाँठ गरेका छन्’ । साथै उनले ओलीकै कारण पार्टी विभाजन गरेर अघि बढ्न बाध्य भएको पनि बताएका छन् । उनले आफ्नो गृहजिल्ला देखि लिएर गठबन्धनका हरेक कार्यक्रममा अध्यक्ष ओलीको चर्को आलोचना गर्दै आएका छन् । साथै ओलीसँगको रिसीविकै कारण माओवादी केन्द्रसँग समाजवादी केन्द्र बनाएर एकता पक्रिया अघि बढाउने तयारीमा नेता नेपाल देखिन्छन् ।

यता, पार्टीको प्रचार र एजेण्डा बाकेर जनतामाझ पुगेका ओली पनि माधव नेपालको आलोचना गर्नमै केन्द्रित छन् ।

‘एमालेले अब माधव नेपाललाई लिँदैन । किनभने यो पार्टी देश बनाउन हिँडेको पार्टी हो । माधव नेपाल जस्तो देशविदेशी प्रतिक्रियावादीको सेवामा कम्युनिस्ट पार्टीको आन्दोलन समाप्त पारेर हिँडने होइन,’ चुनावी प्रचार कार्यक्रममा पुगेर उनले भने । नेत नेपाललाई विध्वंशकारी र गद्दारको संज्ञा दिदैँ उनले थपे, ‘माधव नेपाल विध्वंसकारी तत्व हुन् । अस्थिरता ल्याउने तत्व हुन् । उनीहरुलाई अब अदालत जाऊ, परमादेश लिएर आऊ भन्नु पर्छ ।’ एमालेलाई चारैतिरबाट घेराबन्दी गर्न लगाएर इतिहासले माफी नदिने कार्य गरेको भन्दै उनको चर्को आलोचना गरेका हुन् ।

अध्यक्ष ओलीले हरेक कार्यक्रम, भाषण र मन्तब्यमा अध्यक्ष नेपालको चर्को आलोचना गर्दै आएका छन् । पछिल्लो समय बढेको आलोचना र तुच्छ गालीले ओली र नेपालको पुनसहकार्य झनै कठिन बन्दै गएको छ ।

## कानून...

अवधारणामाथि नै प्रहार भएको टिप्पणी गरे । सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष पूर्णमान शाक्यले भने, ‘न्यायपालिकाप्रतिको जनआस्था नै घट्ने गरी अख्तियारले पत्रकार सम्मेलन गरेर अदालतमाथि आरोप लगाउनुहुँदैन । संवैधानिक निकाय यसरी हलुका रुपमा प्रस्तुत हुन मिल्दैन ।’

बारको वक्तव्यमा पनि भ्रष्ट्राचार निवारण हुनुपर्छ भन्ने कुरामा विवाद नभएको, तर पत्रकार सम्मेलन गरी न्यायपालिकाको निष्पक्षता र सक्षमतामा नै शंका उब्जन सक्ने भाषा शैलीको प्रस्तुति उचित मान्न नसकिने उल्लेख छ ।

विशेष अदालत बार एशोसिएसनका अध्यक्ष चुडामणि पौडेलले अख्तियारले दुई दिनअघि प्रस्तुत गरेको तथ्यांकमाथि नै प्रश्न उठाए । उनका अनुसार गत आर्थिक वर्षमा विशेष अदालतले ३३९ वटा मुद्दा फैसला गरेकोमा ३३७ वटा मुद्दा भ्रष्टाचारसँग सम्बन्धित थिए ।

तीमध्ये २५९ वटा मुद्दा रंगेहात घुससँग सम्बन्धित थिए, जसमा २४० (९२ प्रतिशत) मुद्दामा आरोपितले सफाइ पाए । १९ वटा रंगेहात घुसका मुद्दा मात्रै ठहर भए, जुन करिव ८ प्रतिशत हुन आउँछ । बाँकी रहेका ७८ वटा मुद्दामध्ये ३१ वटा मुद्दामा सफाइ भयो भने ४७ वटा ठहर भए । यसरी हेर्दा करिव ६० प्रतिशत मुद्दा ठहर भएको देखिन्छ ।

विशेष अदालतको फैसलाबारे गरेको टिप्पणीलाई लिएर सर्वोच्च अदालतका न्यायाधीशहरु र नेपाल बार एशोसिएसनले आपत्ति जनाएपछि अख्तियारले वक्तव्य जारी गर्दै न्यायिक स्वतन्त्रताप्रति आफू प्रतिवद्ध रहेको बताएको छ ।

अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले विज्ञप्ति जारी गर्दै अदालतको गरिमाप्रति अनास्था फैलाउने कल्पना समेत गर्न नसकिने बताएका हुन् । विज्ञप्तिमा भनिएको छ, ‘स्वतन्त्र न्यायापालिकाको अवधारणाप्रति सदाझै अविचलित रहने हुँदा आयोगबाट ७/२२ मा जारी गरिएको प्रेस विज्ञप्ति र जानकारीमूलक विवरणलाई सोही रुपमा बुझिदिन सम्बन्धित सबैमा आयोग हार्दिक अनुरोध गर्दछ ।’

## “नो नट...

अनिल आचार्यले सर्वोच्चमा रिट दायर गरेका थिए । यसअघि २० कात्तिकमा न्यायाधीश हरिप्रसाद फुयालको इजलासले दिएको अल्पकालीन आदेश दिएको थियो । उम्मेदवारहरुविरुद्ध लाञ्छनायुक्त अभिव्यक्ति दिएको भन्दै निर्वाचन आयोगले नो नट अगेन अभियानको फेसबुक पेज र ग्रुप बन्द गर्न निर्देशन दिएको थियो ।

नेपाल प्रहरीको साइबर ब्यूरोलाई पत्राचार गरी नो नट अगेन पेजमार्फत दलका नेताविरुद्ध हुने अभिव्यक्ति र आक्रोशजन्य सामग्रीको अनुगमन गर्न आग्रह गरेको थियो । र नो नट अगेन पेजलाई विद्युतीय कारोबार ऐन अनुसार कारबाही गर्नसमेत आयोगले आग्रह गरेको थियो ।

निर्वाचन आयोगले नो नट अगेन अभियान विरुद्ध जारी गरेको आदेश र निर्देशनले नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार भएको भन्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता अनिल आचार्यले सर्वोच्चमा रिट दायर गरेका थिए । २० कात्तिकमा न्यायाधीश फुयालको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश दिँदै बिहीबारका लागि दुवै पक्षलाई छलफलमा बोलाएको थियो । बिहिबार सुनुवाई गर्दै सर्वोच्च अदालतले नो नट अगेन अभियानलाई कारबाही अघि नबढाउन यसअघि दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ ।

४ मंसिरको प्रतिनिधिसभा र प्रदेशभा निर्वाचनमा उम्मेदवारी दर्ता हुनुभन्दा अघिदेखि नै सुरु भएको ‘नो नट अगेन’ अभियान पछिल्ला दिनमा तीब्र बनेको छ । निर्वाचन आयोगका एक आयुक्तका अनुसार, प्रमुख दलका शीर्ष नेताहरुको फोटो राखेर त्यसलाई केरेर भोट नदिन आह्वान भएसँगै कतिपय दल र उम्मेदवारहरुले आफूहरुको मानमर्दन भएको भन्दै आयोगको ध्यानाकर्षण गराएका थिए ।

‘त्यसपछि हामीले यस्तो यस्तो कुरा आयो, लौन हेरिदिनुस् भनेर हाम्रो सूचना प्रविधि महाशाखा मार्फत सामाजिक सञ्जाल अनुगमन गरेको संयन्त्रलाई भनेका थियौं’, ती आयुक्त भन्छन्, ‘अभियान तीब्र बनेको, त्यसले कतिपय दल र उम्मेदवारप्रति नकारात्मक धारणा फैलाएको भेटिएपछि यसो नगर्नुहोस् भनेर सूचना निकालिएको हो ।’

आयोगको आन्तरिक संयन्त्रले फेसबुकमा नो नट अगेनका नाममा २९ वटा समूहको पहिचान गरेको थियो । केही समूहमा १३ हजारसम्म सदस्य थिए । आयोगको विज्ञप्तिपछि ट्विटर र टिकटकमा समेत यससम्बन्धी पोस्ट बढेका छन् । ट्विटरमा नो नट अगेनको ह्यासट्यागबाट अभियान चलेको छ । उनीहरुले जनप्रतिनिधि मात्रै होइन, आयोगकै पदाधिकारीमाथि समेत ‘नो नट अगेन’ अभियान चलाउनुपर्ने भन्दै व्यंग्य गरेका छन् । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले सभ्य भाषामा नो नट अगेन भन्न पाइने बताउँछन् । काठमाडौंमा भएको एक कार्यक्रममा उनले कसैलाई पनि लाञ्छना नलगाई नो नट अगेन भन्न पाइने बताए । उनले भनेका छन्, ‘नो नट अगेन भन्न पाउनुहुन्छ, तर सभ्य भाषामा भन्नुपर्छ । मित्रवत भाषामा भन्नुपर्छ । समाजले पचाउने भाषामा भन्नुपर्छ ।’

आयोगले फेसबुकमा सञ्चालित नो नट अगेन पेज र ग्रुप बन्द गर्न निर्देशन दिएपछि अभिव्यक्ति स्वतन्त्रता हनन गरेको भन्दै सार्वजनिक रुपमा विरोध भएको थियो । उक्त आइतबार सर्वोच्च अदालतले नो नट अभियानमाथि कारबाही नगर्न आदेश दिएको सन्दर्भमा प्रमुख आयुक्त थपलियाको ‘अभिव्यक्ति स्वतन्त्रतामा चरित्र हत्या र मिथ्या सूचना फैलाउने विषयभित्र नपर्ने’ भनाइ सार्वजनिक भएको हो । सामाजिक सञ्जालको प्रयोग सकारात्मक कुरामा गर्नुपर्ने थपलिया बताउँछन् ।

## सबैतिर...

बनाउन पनि निर्देश गरेको छ ।

मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत तथा निर्वाचनमा खटिने सबै कर्मचारीलाई निर्देश गर्दै निर्वाचनलाई समावेशी तथा अपाङ्गमैत्री बनाउन तथा आयोगका निर्देशनहरूको पूर्ण रूपमा कार्यान्वयन गर्न/गराउन भनिएको हो ।

निर्वाचन आयोगले जारी गरेको ‘निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७’ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७९, लगायतका निर्वाचन सम्बन्धी कानुनमा लैङ्गिक तथा समावेशी सिद्धान्तलाई विशेष जोड दिएको तथा सो सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनमा प्रतिवद्ध रहेको आयोगले जनाएको छ ।

# डेंगु संक्रमितको संख्या बढ्यो

**काठमाडौं/मस–** देशभर डेंगु संक्रमितको संख्या ५१ हजार एक सय ७७ पुगेको छ । तीन दिनमा नौ सय १४ नयाँ डेंगु संक्रमित थपिएसँगै संक्रमितको संख्या ११ हजार एक सय ७७ पुगेको हो । तीन दिनमा थप दुई जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यससँगै डेंगुबाट अहिलेसम्म मृत्यु हुनेको संख्या ५७ पुगेको हो । सबैभन्दा धेरै बाग्मती प्रदेशमा ३९ हजार छ सय २४ जना डेंगुका संक्रमित छन । लुम्बिनी प्रदेशमा चार हजार नौ सय १८, प्रदेश १ मा बीस हजार ८५, गण्डकी प्रदेशमा एक हजार सात सय २१, सुदूरपश्चिम प्रदेशमा आठ सय ९६ र कर्णाली प्रदेशमा छ सय ७६ जना संक्रमित भइसकेका छन् ।

यस्तै डेंगुबाट धेरै संक्रमित भएका १० जिल्लामा काठमाडौंमा १३ हजार सात सय ८७, ललितपुरमा नौ हजार पाँच सय २२, भक्तपुरमा पाँच हजार चार सय ८९, मकवानपुरमा पाँच हजार तीन सय ४७, चितवनमा दुई छ सय २७, दाङमा दुई हजार तीन सय ८८, धादिङमा एक हजार चार सय ११ र रुपन्देहीमा एक हजार एक सय ९५ संक्रमित छन् ।

# उम्मेदवारको बारेमा भ्रम छरेको भन्दै ध्यानाकर्षण

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी २४ कातिक

नेकपा माओवादी केन्द्र पश्चिम नवलपरासीले उम्मेदवारप्रति भ्रम छरेको भन्दै ध्यानाकर्षण भएको जनाएको छ । केन्द्रले बिहीबार एक विज्ञप्ति जारी गर्दै नवलपरासी क्षेत्र नम्बर २ (क) का उम्मेदवार चिनक कुर्मीप्रति लक्षित गर्दै भ्रम छरिएको भन्दै मतदातालाई सचेत गराएको छ । माओवादी केन्द्रले वामलोकतान्त्रिक गठबन्धनको प्रदेशसभा सदस्यका साझा उम्मेदवार चिनक कुर्मी रहेकाले भ्रममा नपर्न आग्रह गरेको छ ।



साथै केन्द्रले सामाजिक सञ्जाल प्रयोग गर्दै पार्टीको हित विपरीत चुनाव प्रचार- प्रसारमा हिँडेकोप्रति पार्टीको गम्भीर ध्यानकर्षण भएको जनाएको छ ।

# आज १३८ औँ फाल्गुनन्द जयन्ती

**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीले किराँत धर्मावलम्बीका महागुरु फाल्गुनन्द लिङ्देनको १३८औँ जयन्तीको अवसरमा सुख, शान्ति तथा समृद्धिको शुभकामना व्यक्त गरेकी छिन् । राष्ट्रपति भण्डारीले फाल्गुनन्द जयन्तीका अवसरमा जारी गरेको शुभकामना सन्देशमा सबैमा सहिष्णुता, सद्भाव, अहिंसा एवं समाज सुधारको महान् अभियानमा लाग्ने प्रेरणा मिलोस् भन्ने कामना व्यक्त गरेकी छिन् ।

‘महागुरु फाल्गुनन्दले धार्मिक गुरु मात्र नभई एक सामाजिक अभियन्ताको रूपमा समाजमा विद्यमान



अनेक विकृति र विसङ्गतिलाई हटाउनसमेत महत्वपूर्ण भूमिका खेल्नुभएको थियो’, सन्देशमा भनिएको छ, ‘उहाँले देखाएको बाटोमा हिँड्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई सुदृढ एवं सबल बनाउन सकिने विश्वास मैले लिएको छु ।’

सामाजिक रूढीवादको अन्त्य गर्दै समाजलाई सही बाटो देखाउँदै आर्थिक अनुशासन कायम गर्न उनले दिएको मार्गनिर्देशन अनुसरणीय रहेको र उनले अपनाएको दर्शन प्रेम र अहिंसामा आधारित रहेको हुँदा प्रेरणादायी उपदेश र मार्गदर्शनले समाजलाई सही बाटो दिनेछ भन्ने उनले विश्वास लिएको सन्देशमा उल्लेख छ ।

किराँत धर्म र संस्कृतिको मौलिक पहिचान र संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने राष्ट्रिय विभूति फाल्गुनन्द लिङ्देनले समाज सुधारका लागि खेलेको अहम् भूमिकाको कदर गर्दै पाँचथर, ताप्लेजुङ्ग, तेह्रथुम, इलाम र झापालगायत नेपालका पूर्वी जिल्लामा विभिन्न कार्यक्रमको आयोजना गरी उनको जन्मजयन्ती मनाउने गरिन्छ ।

# मतदान केन्द्रलाई समावेशी र अपाङ्गतामैत्री बनाउन आयोगको निर्देशन

**काठमाडौं/मस–** निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा मतदान केन्द्रलाई समावेशी तथा अपाङ्गमैत्री बनाउन निर्देशन दिएको छ ।

आयोगले एक निर्देशिका जारी गर्दै मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत तथा निर्वाचनमा खटिने सबै कर्मचारीलाई निर्देशन दिएको हो ।

आयोगले जारी गरेको 'निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति २०७७ र प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (मतदान) निर्देशिका २०७९ मा लैङ्गिक तथा समावेशी सिद्धान्तको कार्यान्वयनमा जोड दिएको हो ।




मतदान कक्ष बनाउदा वा मतपेटिका राख्दा धेरै अग्लो ठाउँमा नबनाई वा नराखी होचो कद वा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकले पनि सजिलै मत सङ्केत गर्न सक्ने गरी निर्माण गर्न आयोगको निर्देशन छ । साथै, गर्भवती, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी मतदाताका लागि विश्राम गर्ने ठाउँको व्यवस्था समेत गर्न आयोगले निर्देशन दिएको छ ।

'गर्भवती, सुत्केरी, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, आफ्नो काखे बालबालिका साथमा भएकी महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) मतदातालाई मतदानमा प्राथमिकता दिनुपर्ने छ', निर्देशिकामा भनिएको छ । आफ्नो मत संकेत गर्न नसक्ने मतदाताका साथमा आएको एकाघरको परिवारको सदस्यलाई मतदान कक्षमा लैजाने अनुमति मागेमा उक्त व्यक्ति मतदान गर्न असमर्थ व्यक्ति हो वा होइन यकिन गरी मतदान कक्षमा प्रवेश गर्ने अनुमति मतदान अधिकृतले अनुमति दिनसक्ने निर्देशिकामा उल्लेख छ ।

# 'चुनावपछि पनि गठबन्धनकै सरकार'

**लमजुङ/मस–** नेकपा (माओवादी केन्द्र)का महासचिव एवं लमजुङ प्रतिनिधिसभा सदस्य उम्मेदवार देवप्रसाद गुरुङले चुनावपछि पनि गठबन्धनकै सरकार बन्ने दाबी गरेका छन् । लमजुङ दूधपोखरी गाउँपालिका-६ गौँडामा आयोजित चुनावी सभालाईसम्बोधन उनले मुलुकको आवश्यकता र विकासका लागि गठबन्धनको सरकारले निरन्तरता पाउनुपर्ने बताए ।



प्रतिगामीलाई परास्त गर्दै विकासका लागि गठबन्धनले जित्नुपर्ने उनको भनाइ छ । उनले भने, 'प्रदेशदेखि संघसम्मै गठबन्धनकै सरकार कायम रहन्छ । कुनै शङ्का नगरी गठबन्धनलाई सबैले सहयोग गर्नुपर्छ ।' खानेपानी, सडक, यातयात, रोजगार लगायतका समस्या समाधानका लागि आफू जनतासँगै साथमा रहने बताए ।

# नेपाल भित्रियो कार्डियो भास्कुलर हाइब्रिड थिएटर : शल्यक्रिया सेवा

**काठमाडौं/मस–** नेपालमा कार्डियो भास्कुलर हाइब्रिड थिएटर र अत्याधुनिक कार्डियो सिटीस्क्यान सेवा सुरु भएको छ ।

त्रिभुवन विश्वविद्यालय (त्रिवित्र) मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरले दक्षिण एशियाका सीमित अस्पतालमा रहेको ती सेवा पहिलो पटक स्वदेशमा थालनी गरेको हो ।

सेन्टरका कार्यकारी निर्देशक प्रा डा उत्तमकृष्ण श्रेष्ठले भने,'कार्डियो भास्कुलर हाइब्रिड थिएटरबाट एक महिना अगाडिदेखि नै सुरु गरिसकेका छौं । पाँच सय १२ 'स्लाइस'को कार्डियो सिटीस्क्यान सेवाका लागि उपकरण जडान भइसकेको छ । सेवा छिट्टै सुरु हुन्छ ।'

के हो त थिएटर ?

उनका अनुसार मुटुको शल्यक्रिया र क्याथल्याब उपचार एकसाथ गर्नसक्ने अत्याधुनिक उपकरणलाई 'कार्डियो भास्कुलर हाइब्रिड थिएटर' भन्ने गरिन्छ । छाती नखोलीकन सुइका माध्यमबाट मुटुको उपचार गरिने पछिल्लो प्रविधि नै 'क्याथल्याव' हो ।

प्रा.डा.श्रेष्ठले भने, 'कार्डियो भास्कुलर हाइब्रिड थिएटरबाट एक महिनामा २५ बिरामीले सेवा पाइसक्नुभएको छ । भारतमा यो सेवा लिन भारु १० देखि १५ लाखसम्म पर्दछ । हामीले त्यति नै नेपाली पैसामा स्वदेशमा नै यो सेवा प्रदान गरेका छौं । हाम्रो ध्येय मुटुका बिरामी भारतमा उपचारार्थ जान नपरोस् भन्ने हो ।'

यस्तो छ कार्डियो सिटीस्क्यानको सेवा

सेन्टरले भित्र्याएको पछिल्लो अत्याधुनिक कार्डियो सिटीस्क्यानले एक धड्कनमा चार सिटीस्क्यान गर्न मिल्ने जनाइएको छ ।

मुटुको रक्तनलीको सिटीस्क्यान गर्ने काम अत्यन्त जटिल मानिन्छ । नेपलामा पाँच सय १२ स्लाइसको कार्डियो सिटीस्क्यान सेवा सहिद गङ्गालाल हृदय रोग उपचार केन्द्र बाँसबारीमा मात्र रहेको जनाइएको छ । प्रा.डा.श्रेष्ठले भने,'मुटुको उपचार सेवा सस्तो, सुलभ र गुणस्तरीयरुपमा स्वदेशभित्र उपलब्ध गराउन उच्च प्राथमिकताका साथ अनवतररुपमा लागिरहेका छौं ।' मुटु, फोक्सो र रक्तनली उपचारमा



अब्बल सेन्टरले बिरामीले चाहेकै समयमा कार्डियो सिटीस्क्यान सेवा तत्काल उपलब्ध गराउने नीतिसमेत तय गरेको छ । यसका लागि उपकरणको प्रयोगका बारेमा आफ्ना प्राविधिक जनशक्तिलाई विशेष तालिम दिने उनले बताए । सेन्टरले गत वर्ष ७५ हजार बहिरङ्ग, एक हजार सातसय क्याथल्याब सहित मुटु, फोक्सो र रक्तनलीको दुई हजार ५०० सेवा प्रदान गरेको थियो ।

## डायलासिस सेवा अस्पतालको स्वामित्वमा आयो

**तनहुँ/मस–** शत्रुघ्न मञ्जु डायलासिस उपचार केन्द्र दमौली अस्पतालको स्वामित्वमा आएको छ ।

राष्ट्रिय मिर्गौला उपचार केन्द्रद्वारा दमौली अस्पताललाई डायलासिस सेवाको स्वामित्व हस्तान्तरण गरिएको हो । राष्ट्रिय मिर्गौला उपचार केन्द्रले शाखाका रुपमा दमौली अस्पतालमा नै सञ्चालित डायलासिस सेवा प्रवाहको स्वामित्व हस्तान्तरण गरेको हो । केन्द्रका कार्यकारी निर्देशक डा ऋषिकुमार काफ्लेले अस्पतालका अध्यक्ष देवेन्द्र थापालाई स्वामित्व हस्तान्तरण गरेका थिए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०७/२५**

यस कार्यालयमा मिति २०७९/०२/१८ मा दर्ता भएको **प्रा.लि. नं. २९१५३२** को **आवास कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**श्री गोरिल सा.ब.उ.स.परशुराम न.पा.२ बसौटी डडेल्धुराको काठ लिलाम सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०७/२५**

यस सा.ब.उ.स.डडेल्धुराको २०७९/०७/१७ को निर्णय अनुसार यस सा.ब.क्षेत्रबाट संकलन भएको बन पैदावार मध्ये जिल्ला भित्रका अन्य समुहका उपभोक्ता समेतलाई बिक्री बितरण गरि बाँकी रहेको बन पैदावार ब्यपारीक प्रयौजनको लागी बिक्री बितरण गर्न सहमति माग भए अनुसार तपशिल बमोजिमको बन पैदावार ब्यपारीक प्रयोजनका लागी बिक्री बितरणका लागि पुन यो सूचना दोस्रो पटक आह्वान गरिएको छ ।

सल्ला प्रजातीको जम्मा गोलियाथान ११८ थानको परिणाम २०९०.४९ क्यु.फिट काठ जे जस्तो अबस्थामा छ आफ्नै खर्चमा उठाई लैजाने गरि शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

इच्छुक ब्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस सा.ब.उ.स.को कार्यालयको सुचना पाटिमा टांस गरिएको छ ।

**Bhimphedi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bhimphedi, Makwanpur**
**Bagmati Province, Nepal.**

**Invitation for Bids for Construction of Ipa Deurali Krishi Sadak.**

**Date of second publication: 09-11-2022**

1. All concerned are hereby informed that none of the bids were successful in the evaluation of this bid published for the first time on 16.09.2022.
2. The Bhimphedi Rural Municipality has allocated funds towards the cost of Ipa Deurali Krishi Sadak and intends to apply part of the funds to cover eligible payments under the contract (contract no: BRMMK/NCB/IDKS/01-2079/080). Bidding is open to all eligible bidders as per section V of Bidding Documents.
3. Bhimphedi Rural Municipality invites electronic bids from eligible bidders for the construction of Construction of Pavement Work (PCC M20), Drain, Stone Masonary etc. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
4. Only eligible bidders with the following key qualification should participate in the bidding.
   a. Minimum Average Annual Turnover of the best 3 years within the last 10 years: 6,00,00,000
   b. Minimum work experience of similar Size and nature: should have completed worth Rs. 1,60,00,000
5. Eligible Bidder may obtain further information Bidding Documents may visit PPMO e-GP system www.bolpatra.gov.np/epg. submission of a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 5000.0 till 23-11-2022 23:59 during office hours or online in the following Bank.
   **Name of the Bank : NIC Asia Bank Ltd, Bhimphedi Branch**
   **Name of Office : Bhimphedi Rural Municipality Office**
   **Internal Revenue (Rajaswa) Account no.: 167CA5750-3077001 (For purchasing Bid Documents Only)**
   **Security Deposit (Dharauti) Account Number: G7CA503072524001 (For Bid Security Only)**
6. Pre-bid meeting shall be held at: Bhimphedi Rural Municipality Bhimphedi Makwanpur, Bagmati Province Nepal at 17-11-2022 13:00 hours.
7. Electronic bids must be submitted to the office E-Bid only/ online portal of through PPMO website www.bolpatra.gov.np/epg on or before 24-11-2022 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 24-11-2022 14:00 hours at the office of Bhimphedi Rural Municipality Bhimphedi, Makwanpur, Bagmati Province Nepal.
9. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 8,08,000.00 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
11. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
12. Evaluation and Qualification Criteria:
    a. Construction Experience in key Activities on Similar Size and Nature:
    i. Stone Masonary work (1:4): 864 m3
    ii. Stone Masonary work (1:6): 664 m3
    iii. PCC work (M 20): 1019 m3
13. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

**१. कम्पनीः ASPECT PETROLEUM SERVICE KUWAIT** **शहरः Kuwait**
पूर्व स्वीकृत मितिः २०७९/०५/२६ चलानी नं.: ६०१८७३६५ LT. No.: 271537 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Helper / Cleaner | 64 | 0 | सम्बन्धित काममा दक्ष | 85 | ३५,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bike Rider | 30 | 0 | | 135 | ५५,६५२ | | | | | | | |
| 3. | Light Driver | 20 | 0 | | 135 | ५५,६५२ | | | | | | | |
| 4. | Outdoor Helper / Labour | 30 | 0 | | 95 | ३९,१६३ | | | | | | | |
| 5. | Mason | 30 | 0 | | 110 | ४५,३४६ | | | | | | | |
| 6. | Painter | 30 | 0 | | 110 | ४५,३४६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २ गते (18 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

**कतारमा FEE VISA ! FREE TICKET ! सहित ZERO COST ! मा रोजगारको अवसर**

**१. कम्पनी : LUSAIL HOSPITALITY AND SERVICES** **शहरः DOHA**
पुर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५३२३ LT. No.: 258768 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 2 | 0 | स. काममा दक्ष | 2000 | ६५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1700 | ५५,८११ | | | | | | | |
| 3. | Electrician | 3 | 0 | | 2000 | ६५,६६० | | | | | | | |
| 4. | Gardener | 2 | 0 | | 1400 | ४५,९६२ | | | | | | | |
| 5. | Gen Clean Worker | 10 | 5 | | 1200 | ३९,३९६ | | | | | | | |
| 6. | Gen Technician | 3 | 0 | | 2000 | ६५,६६० | | | | | | | |
| 7. | Ground Steward | 3 | 2 | | 1700 | ५५,८११ | | | | | | | |
| 8. | Labourer | 3 | 0 | | 1200 | ३९,३९६ | | | | | | | |
| 9. | Manager | 1 | 0 | | 6000 | १९६,९८० | | | | | | | |
| 10. | Mason | 3 | 0 | | 1500 | ४९,२४५ | | | | | | | |
| 11. | Painter | 3 | 0 | | 1200 | ३९,३९६ | | | | | | | |
| 12. | Plumber | 3 | 0 | | 1500 | ४९,२४५ | | | | | | | |
| 13. | Supervisor | 3 | 3 | | 2500 | ८२,०७५ | | | | | | | |
| 14. | Upholsterer | 1 | 0 | | 2000 | ६५,६६० | | | | | | | |
| 15. | Washing Worker | 4 | 4 | | 1200 | ३९,३९६ | | | | | | | |
| 16. | Welder | 1 | 0 | | 1700 | ५५,८११ | | | | | | | |

**यसै कम्पनीको लागि Sous Chef, Chef Arabic, Chef De Partie, Demi Chef De Partie, Butcher, Chef Assistant, Chief Engineer (Electrical/Civil), Chief Engineer (MEP experience), Contract Engineer, Electrical/AV/ELV Engineer, Kitchen & Laundry Engineer, Marble Specialist, MEP Engineer, MEP Supervisor, Quantity Surveyor, BMS Supervisor, Document Controller, Kitchen Technician & Laundry Technician, Upholster, Landscape Supervisor, Marble/Tile Polisher, AC Technician, AV-ELV-IT Technician, BMS Technician, ELV Technician, ELV/AV Technician, Generator Technician, HVAC Technician, Irrigation Technician, Mechanical Technician, Motor Rewinding Technician, Multi-Skill Technician, Plant Room Operator, Pool & Fountain Technician Pump-Mechanical Technician, Refrigeration Technician, Duct Technician Electrician, Carpenter, Carpenter Gypsum Technician, Mason/Gypsum Board Installer, Welder Carwash Attendant, Finishing Painter, Gardener, Painter, Pipe Fitter, Plumber, General Helper, Mason/Tile Setter F&B Supervisor, Waiter/Waitress, Teaboy, Assistant Purchasing Officer, Accountant, Storekeeper, Assistant Storekeeper, HK Coordinator, Male Laundry Supervisor, Female Housekeeping Supervisor Laundry Uniform Supervisor, Male Housekeeping Supervisor, Tailor, Female Housekeeping Attendant Female Laundry Attendant, Male Housekeeping Attendant, Male Laundry Attendant, Chief Steward, Female Steward, Kitchen Steward, Security Supervisor, Security, Transport Manager, Transport & Logistics Supervisor Transport Coordinator, Driver-Light-With Qatar License Driver- Medium - With Qatar License & Driver Heavy With Qatar License, को पनि माग भएकाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।**

- *Candidates who were employed in Saudi Arabia, Bahrain, Egypt, UAE after July 2017 shall NOT be recruited as per the sourcing requirements.*
- *Please share profiles with passport copy attached along with the other required documents(Educational Certificate, Service certificate).*
- *Candidates should have minimum 2 years of experience in Hospitality & Maintenance Industry.*
- *Selected candidates shall be offered employment only upon approval of Initial clearance here in Qatar. Candidates age needs to be below 45.*
- *For all F&B profiles, Attach a full-size photo of the candidate. Include a passport size photo in theprofile that is being shared.*
- *Resumes needs to be created by the candidate itself, Software generated resumes shall not be accepted.*
- *Selected staff needs to be ready to work at any assigned site covered by the company.*
- *Please verify all documents & details of candidates before forwarding, Any Fake or altered certificates will not be entertained.*
- *Candidates would be joining a hospitality company and not a hotel.*
- *Submit your profile at* **Nabin@lifelineoverseas.com** *or* **WhatsApp** *at* **9851193449**

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २ देखि ५ गते सम्म (18 to 21 Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१

Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
२५ कातिक २०७९, शुक्रबार
11 November 2022, Friday

सम्पादकीय

## प्रतिबद्धताको परीक्षण

